# राप्ती गाउँपालिकाको सार्वजनिक सुनुवाई प्रतिवेदन २०७८

( आ.व. २०७८/०७९ को पहिलो चौमासिक)

सार्वजनिक सुनुवाई सञ्चालन मितिः २०७८/११/१३




प्रतिवेदक

सिमा क्रियटिभ हाउस प्रा.ली

२०७८/११/१८

**भूमिकाः**

**१. सार्बजनिक सुनुवाइको महत्व र कानूनी प्रावधान**

पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनका लागि सेवाग्राही र सेवाप्रदायक निकायका विचमा सार्वजनिक चासोका विषयमा खुला छलफल गर्ने र सम्वन्धित निकायवाट प्रदान हुने सेवा, वस्तु र सुविधाका सम्बन्धमा आधिकारिक व्यक्ति मार्फत स्पष्टता ल्याउन सार्वजनिक सुनुवाई गरिन्छ। यसले स्थानीय सरकार र नागरिकका विचमा दोहोरो सम्वाद स्थापति गर्न र नागरिकबाट प्राप्त रचनात्मक सुझाव ग्रहण गरी जिम्मेवार संस्कार बसाउन सार्वजनिक सुनुवाइ गर्ने गरिन्छ। सार्वजनिक सुनुवाइ गर्दा त्यसले जनताप्रति उत्तरदायित्व मात्र बोध गराउँदैन, स्थानीय निकायप्रति जनताको विश्वास पनि अभिवृद्धि गराउँछ। यसले नागरिकहरुलाई विकास निर्माणको प्रक्रियामा अर्थपूर्ण सहभागिता गराईसेवा प्रवाहलाइ अझ वढि गुणस्तरिय र प्रभावकारी वनाउन स्थानिय सरकार संचालन ऐन २०७४ ले सार्वजनिक सुनुवाई गर्न अनिवार्य गरेको छ।

**२. सार्वजनिक सुनुवाइ कार्य क्रमको उद्देश्य**

क) गाउँपालिकावाट प्रवाह हुने सेवा, वस्तु र सुविधाहरुलाई अझ बढि गुणस्तरिय र प्रभावकारी वनाउन सेवाग्राहीहरुवाट रचनात्मक पृष्ठपोषण लिन।

ख) पालिकावाट प्रवाह हुने सेवा, वस्तु र सुविधाहरुमा सरोकारवाला नागरिकहरुको पहुँच वृद्धि गरि पालिकालाई अझ बढि जवाफदेही र उत्तरदायी वनाउन।

ग) कार्यक्रम तथा योजनाहरुमा भएका कमी कमजोरी सुधार गर्न र कार्य क्रमहरुमा पारदर्शिता कायम गर्न।

घ) पारदर्शी शासन व्यवस्था, उत्तरदायी प्रशासनयन्त्र, सहभागितामूलक पद्धति र निर्वाध रूपमा सूचनाको पहुँच प्रत्याभूति गर्न।

ङ) सहकार्यको संस्कार विकास गर्न तथा सेवा प्रदायक र सेवाग्राहीको संयुक्त प्रयासवाट विकास कार्यक्रमलाई अझ बढि प्रभावकारी र उपलब्धीमुलक वनाउन।

**३. सार्बजनिक सुनुवाइका क्रममा अवलम्वन गरिएका विधि/पद्धतिहरु** :

**क) पहिलो चरण**

- सार्वजनिक सुनुवाइ सञ्चालन समिति गठन
- सहजकर्ता (व्यक्ति/संस्था) प्रश्ताव आव्हान
- सहजकर्ता छनोट/सम्झौता
- सार्वजनिक सुनुवाइको मिति, समय, स्थान छनोट
- नागरिक प्रतिवेदन पत्र (Citizen Report Card) र नागरिक अभिमत संकलन (Exit Poll)
- जवाफदेही वक्ता छनोट तथा सहभागिलाई पत्राचार
- हल तथा अन्य व्यवस्थापकिय कार्य

**ख) दोस्रो चरण**

- पलिकावाट गत चौमासिकमा प्रदान गरिएका सेवा, वस्तु र सुविधाका वारेमा प्रस्तुतीकरण
- नागरिक प्रतिवेदन पत्र (Citizen Report Card) र नागरिक अभिमत संकलन (Exit Poll) वाट प्राप्त नतिजाको प्रस्तुतीकरण
- अन्तरक्रिया, छलफल तथा प्रश्नोत्तर
- पालिकावाट सार्वजनिक प्रतिवद्धता व्यक्त
- कार्यक्रम समापन

**ग) तेस्रो चरण**

- प्रतिवद्धता कार्यान्वयनको अनुगमन

**४ सार्वजनिक सुनुवाइमा पालना गर्नुपर्ने आचार संहिता :**

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।
२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।
३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।
४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिकिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।
५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।
६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।
७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।
८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।
९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।
१० सुनुवाइलाई विषयान्तर हुनबाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

**सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन**

**अध्यक्षताः** नुमानन्द सुवेदी, अध्यक्ष राप्ती गाउँपालिकाका
**सहजकर्ताः** सुदर्शन रिजाल
**स्वागत तथा विषय वस्तुबारे जानकारीः** विश्वास वि.क., सूचना अधिकारी, राप्ती गाउँपालिका
**जवाफदेही पक्षबाटः**
**गाउँपालिकाका अध्यक्ष** : नुमानन्द सुवेदी
**उपाध्यक्षः** जगदम्बा चौधरी

**प्रमुख प्रशासकिय अधिकृत** :शोभाराम रिजाल

**वडा अध्यक्षः** वडा नम्बर १ देखी ९ सम्मका वडा अध्यक्षहरु

**वडा सचिव :** वडा नम्बर १ देखी ९ सम्मका सचिवहरु

**गाउँपालिका विभिन्न शाखा तथा महाशाखाका प्रमुखहरु**

सार्वजनिक सुनुवाईका लागी राप्ती गाउँपालिकाले एक महिना पहिले नै मिति र स्थान तय गरि गाउँपालिकामा रहेका आम सञ्चार माध्यम राप्ती एफ एम, राप्ती टेलिभिजन लगायतका सञ्चार माध्यम, गाउँपालिकाको फेस बुक पेज, वेभसाइट मार्फत सार्वजनिक सुचना जारी गरी सेवाग्राहीलाई जानकारी गराएको थियो । पालिका कृयाशिल राजनितिक दल, उपभोक्ता समिति, नागरिक समाज, सहकारी, बैंक तथा वित्तिय सँस्था, शिक्षक, बुद्धिजिवि, समाजसेवी लगायत सबै पक्षलाई विभिन्न माध्यमबाट आमन्त्रण गरेको थियो ।

निर्धारित समय र स्थान गाउँपालिकाको सभा हलमा दिउसो १२:३० बजेदेखि सुरु भएको सार्वजनिक सुनुवाई बेलुका ५ बजे समापन भएको थियो । कार्यक्रम तिन चरणमा विभाजन गरि सञ्चालन गरियो । पहिलो चरणमा गाउँपालिकाले चालु आर्थिक वर्षको पहिलो चौमासिकमा गरेका कार्यहरुको विवरण गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत शोभाराम रिजालले प्रस्तुत गर्नुभयो । दोश्रो चरणमा अभिमत सँकलन तथा विश्लेषण गरेको सिमा क्रियटिभ हाउसका तर्फबाट कार्यक्रम सञ्चालक सुर्दशन रिजालले सर्वेक्षणमा सहभागिहरुको विवरण प्रस्तुत गर्नुभयो । सँकलित अभिमतको सेवा सन्तृष्टि र सेवा प्रदानको दुई वटा प्रतिवेदन सन्तोष सुवेदीले प्रस्तुत गर्नुभयो । ती सबै प्रतिवेदन प्रस्तुत पछि खुला छलफल सुरु गरियो । आफ्ना विषय वस्तु राख्न छलफललाई खुला गर्नुअघि सहजकर्ताको तर्फबाट सार्वजनिक सुनुवाईका आचार संहिता बारे सहभागिहरुलाई जानकारी गराई आचार संहिता भित्रै रहेर आफ्ना भनाईहरु राख्न आग्रह गरि छलफललाई खुला शत्रमा प्रबे गराइएको थियो ।

खुला शत्रमा उठेका विषय र सरोकारवाला पक्षबाट गरिएको सम्बोधन र प्रतिबद्धता :

खुला छलफलमा कार्यक्रममा सहभागि सेवाग्राही मध्येबाट विभिन्न १२ जनाले आ आफ्नो भनाई राख्नु भयो । भनाईका क्रममा सबैका केहि सुझाव रहे भने केहि प्रश्नहरु रहे । यसरी सुझाव सहितका प्रश्न उत्तम अधिकारी, सन्तोष कुमार गुप्ता, टेक वहादुर गिरी, केशवराज आचार्य, तारा भुसाल, होमप्रसाद शर्मा, उमेश अधिकारी, रणबहादुर सुवेदी, संदिप अधिकारी, प्रकाश आचार्य लगायतले राख्नु भएको थियो ।

**उठेका सवालहरु :**

१) वडा कार्यालयमा टोकनको नाममा घटना दर्ता गर्दा बाहिरबाट फाराम भर्न लगाइन्छ? किन हो? यस्ले सेवा ग्राहीले फाराम भर्दा पनि पैसा तिर्नुपर्ने समस्या भएको छ ।

२) राजधानीको केन्द्रभएको स्थान छोटो समयमा पनि धेरै प्रगती भएको छ । पालिकामा केहि फोटोकपी गर्दा पनि राजमार्ग पार गर्नुपर्ने समस्या छ, दुर्घनाको जोखिम छ, खाली भवनहरु छन् त्यहाँ नै फोटोकपि जस्तो सामान्य सुवीधा दिन सके राम्रो हुन्थ्यो । सेवा प्रवाहलाई अलि छिटो गर्ने पद्धतीको विकास गर्नुपर्यो । पालिकाका सूचना पालिकाबासिले सजिलै र सहजै पाउने व्यवस्था गरियोस ।

मातृभाषको पढाई किन सुरु हुन सकेको छैन ? पालिकामा धेरै बेरुजु किन हुन गायो? घटनाउनु पर्यो, वडा नम्बर ७ मा रहेका राम्रो सडक टिप्परले निकै विगारेको छ, वडाको ध्यान जावस । जेष्ठनागरिक दिवा सेवा केन्द्र किन बन्द भए?

३) वडा कार्यालयबाट कृषकलाई बिउ समयमै र आबश्यक मात्रा पुरै वितरण होस, वडामा निवेदन लेख्ने, फोटोकपी गर्ने व्यवस्था वडामै होस ।

४ प्रत्येक समयमा व्यवसायीको कुरा आउदा सिसहनिया उद्योग वाणिज्य सँघलाई किन बिर्सिन्छ? पालिकाको फोहोर व्यवस्थापन किन हुन सकेको छैन। व्यवसायी सबैलाई समान कर किन लगाइएको छ? व्यवसायको प्रकृति अनुसार राजश्व सकलन गर्ने व्यवस्था होस। कृषीका नाममा कृषकलाई बाडिएका मिलले राजश्व नतिरेरै व्यवसाय गरिरहेका छन् । हामी मिल चलाउनेले राजश्व तिर्ने उनीहरुले कुनै राजश्व नतिरि व्यवसाय गर्ने? अनुगमण गरि कारबाही होस । १० देखी ५ बजे सम्म कर्मचारि कार्यालयमै हुनुपर्यो ।

५) खानेपानी र विद्युतको पैसा नतिर विपन्नका घरको लाइन काटिएको छ? किन लाइन काटेको, नकाट्न हामिले भनेको कसैले सन्दैनन्, नकाट्न भन्नुपर्यो ।

६) लक्षित वर्गका खरको छानो विस्थापन गरि जस्ताको छानो लगाउने बनाइयोस । दलित आवास राज्यले व्यवस्था गरेको छ, छनौट गरि उनीहरुका लागी अवास व्यवस्था गरियोस । राजधानीको जग्गाको फुकुवा नहुदा व्यापार व्यवसाय चौपट भएको छ पहल गरोस । राप्ती नदि दोहोन भैरहेको छ उपयुक्त विधि बनाइ यस्लाई रोकियोस। केहि नागरिकले अझै नागरिक्ता पाउन सकेका छैनन् , बन्न सकेको छैन, घरदैलो गरेर भएपनि बनाइयोस । सबै वडामा समानुपातीक र समाबेशी बजेट नहुदा समानुपातीका विकास हुन सकेको छैन । कृषकलाई विउ मल समयमै व्यवस्था गर्न पहल गरियोस, फोहोर व्यवस्थापन गर्ने कार्य छिटो गरियोस । किसान लाई अनुदानको व्यवस्था अझ राम्रो गरियोस, वडा नम्बर १ मा अझै विद्युत वितरण हुन सकेको छैन, पहल होस

७) कार्यालय परिसर भित्रै फोटोकपी गर्ने व्यवस्था गरियोस, राजश्व पनि बढछ, सेवाग्राहीलाई पनि सजिलो हुन्छ ।

८) घरजग्गा अभिलेखिकरणको म्याद १५ गते सम्म मात्र रहेछ, त्यसपछि धेरै जरिवाना लाग्ने रहेछ, यो काम समयमै नहुनु अमिनको कमिले हो भन्ने छ । यस्को म्याद बढाइयोस ।

९) यो अवधीमा शाखागत रुपको लक्ष्य कति थियो? के कम्जोरीका कारण खर्च कम भयो । गत वर्ष यो समयमा कति बजेट खर्च गर्न सकिएको थियो?

१० उमेश अधिकारी : राप्ती गापाको राजश्व कति उठेको छ ? जान्न पाए हुन्थ्यो ।

११ सन्दिप अधिकारी पशुपालक कृषक: पालिकाको छलफलमा कृषकहरुलाई पनि बोलाउने गरियोस । व्यवसायीक किसान कति छन्? रेकर्ड छ कि छैन? कृषकहरु पेशाबाट पलायन हुदैछन्, कृषकलाई माथि उठाउने योजना कार्यान्वयन गर्नुपर्यो । व्यवसायीक कृषकको स्थिति हेरिदिनु पर्यो, कृषकले पाइरहेको सहयोग अप्रयाप्त छ थप गर्नुपर्यो ।

१२) गुम्बाको योजना तयार भा छ तर बजेट अभावले निर्माणको काम अलपत्र परेको छ । संघ प्रदेशसँग समन्वय गरि बजेट ल्याउन पहल गरिदिनु पर्यो ।

**जवाफ**
जिज्ञासाको जवाफ राप्ती गाउँपालिका अध्यक्ष नुमानन्द सुवेदी, उपाध्यक्ष जगदम्बाकुमारी चौधरी, प्रमुख प्रशासकीय अधिकृत शोभाराम रिजाल, वडा नम्बर २ का वडा अध्यक्ष जगतबहादुर थापा, वडा नम्बर ३ का वडा अध्यक्ष चन्द्र चौधरी, वडा नम्बर ४ का विष्णुबहादुर घर्ती क्षेत्री, वडा नम्बर ५ का वडा सचिव अश्लेख चौधरी , वडा नम्बर ६ का वडा अध्यक्ष वेदप्रसाद चौधरी, वडा नम्बर ७ का वडा अध्यक्ष विद्याशरण चौधरी र वडा नम्बर ८ का वडा अध्यक्ष गोकर्णबहादुर राना, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख विश्वास विक, स्वास्थ्य शाखा प्रमुख नारायण राउत, पशुपंक्षी विकास शाखा प्रमुख शेरबहादुर हमाल, कृषि शाखाका बरसाती गडरिया, इन्जिनियर अशोक बेल्वासेले दिनु भएको थियो भने वडाका प्रशासनिक कार्यहरुको जवाफ वडा सचिवले दिनु भयो । अन्त्यमा सबै विषयलाई समेटेर गाउँपालिकाको तर्फबाट अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतले जवाफ नि भयो ।

**१) प्रमुख प्रशासकिय अधिकृत शोभाराम रिजाल** : घटना दर्तामा लगाइएको टोकनको नियम के हो बुझेर गर्न मिल्ने भए अर्को प्रकृया अबलम्बन गर्ने व्यवस्था मिलाइने छ । पालिकामा आएका सेवा ग्राहीको दुई पेज सम्मको फोटोकपी गर्न बाहिर जानु नपर्ने व्यवस्था भोलि देखि नै गरिन्छ । “सबै शाखाहरुलाई यहिँबाट निर्देशन दिन्छु, दुई पाना सम्मको फोटोकपी गर्न अबदेखी सेवाग्राहीलाई बाहिर नपठाउनु होला ।” पालिका परिसरमा रहेका भवनमा सर्बिस सेन्टर राखेर सेवाग्राहीलाई सहजता हुने व्यवस्था छिटै मिलाइने छ । घर अभिलेखिकरणको काम धेरै अघि नै बन्द गनुपर्ने हो । जती पटक म्याद थप गरेपनि आफूलाई आबश्यक नपरेसम्म कोहि आउनु हुदैन, कहिले सम्म यस्लाई यस्तै राख्ने? पालिकामा आएका सबै फाइल अहिले कै अबस्थामा टुंगिन्छ । फोहोर व्यवस्थापनका लागी धेरै प्रयास गर्दा पनि छनौट गरिएको स्थानमा फोहोर फाल्न नदिदा समस्या परेको हो । स्थानियहरुसँग बसेर विकल्प सहितको ठाउँ दिएर निजि क्षेत्रलाई अगाडी सारेर फोहोरको समस्या समाधान गर्नुपर्छ यसतर्फ केहि काम भैरहेको छ । पहिलो चौमासिक भित्र ६२ लाख ३८ हजार राजश्व सँकलन भएको छ ।

**२) उपाध्यक्ष जगदम्बा चौधरी:** लक्षित वर्गका कार्यक्रम उनीहरुकै सहभागितामा मात्रै कार्यान्वयन हुने गरेको छ । कतै कोही अरु परेको भए सुधार गरिन्छ । खरको छानो मुक्त कार्यक्रम केहिको चुनावी नारा हो, किन भएन उहाँहरुले नै भन्नु होला, पालिकाले आगामी दिनमा यसलाई प्राथमिक्तामा पार्ने छ । जेष्ठ नागरिक दिवा सेवा केन्द्र पालिकाले बन्द गरेको छैन । एक ठाउँमा यो चुनावी कार्यक्रम भनी उहाँहरु आफैले बन्द गर्नुभएको हो ।

**३) अध्यक्ष नुमानन्द सुवेदी:** बजेट सुत्रका आधारमा समानुपातीक रुपमा बाडँफाँड गरिएको छ । विकट क्षेत्रलाई अझ प्राथमिक्तामा राखिएको छ । फोहोर व्यवस्थापनका लागि स्थायी डम्पिङ्ग साइडको खोजी भैरहेको हो । भेटिएका ठाउँमा सामुदायीक वन समूह र स्थानियहरु सहमतीमा नआएपछि रोकिएको हो । बजेट छ, केहि समयमै यस्मा प्रगती हुन्छ । कार्यालयमा कार्यालय समयमा कर्मचारि आउनै पर्ने गराउनलाई अध्यक्ष नै १० बजे आउने र ५ बजेपछि मात्रै जाने गरेको छ । समग्र उपलब्धीको बारेमा उहाँले जानकारी गराउनु भएको थियो ।

**निष्कर्ष:**

सार्वजनिक सुनुवाई कार्यक्रममा सेवा ग्राही र सेवा प्रदायक विच भएको सवाल जवाफ पछि निम्न निष्कर्षमा पुगिएको थियो ।

क) घटना दर्ता अनलाइनबाट गर्नुपर्ने र त्यस्का लागी धेरै समय लाग्ने भएकाले विभागले नै सेवा ग्राही आफैले फाराम भर्न नसक्ने भए बढिमा ५० रुपियाँ लिएर अरुले भर्दिन सक्ने व्यवस्था गरेकाले सोही नियम लागु गरिएको ।

ख) फोटोकपी गर्न बाहिर जान नपर्ने व्यवस्था गरियो । पालिका परिसरमा सर्बिस सेन्टर राखेर सेवाग्राहीलाई सहज वातावरण तयार गरिने ।

ग) सडकमा परेका खाल्डा खुल्डी नियमित रुपमा पुर्न लगाइने ।

घ) पालिका, राजश्व जम्मा गर्न बैंक, योजनाको अनुगमण जस्ता काममा जानु परेको अबस्था बाहेकमा वडाका कर्मचारिहरु कार्यालय समयमा कार्यालयमै रहने गरेको ।

ङ) लक्षित वर्गका कृषकका लागी मात्रै विउ वितरण गरिने भएकाले सबैका लागी अपुग हुने गरेको ।

च) फोहोर व्यवस्थापनका लागी सरोकारवाला सबै मिलेर स्थायी ल्याण्डफिल साइड खोजी गर्ने ।

छ) नियमित रुपमा सार्वजनिक सुनुवाई गर्ने ।